म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १५७ २०८१ वैशाख १६ गते आइतबार 28 April 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## बामपन्थी शक्ति एक हुनुपर्छः अध्यक्ष नेपाल



*जिल्ला अधिवेशनलाई सम्बोधन गर्नुहुँदै नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल ।*

समाज संवाददाता

हेटौंडाः नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधव कुमार नेपालले देशको स्वाभिमानको रक्षा गर्न सबै वामपन्थी शक्तिहरु एक हुनुपर्ने बताउनुभएको छ । शनिबार हेटौंडामा एकीकृत समाजवादी मकवानपुर जिल्ला अधिवेशनलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष नेपालले देशमा अहिले प्रतिगामी र दक्षिणपन्थी शक्तिहरु सलबलाउन थालेकोले देशको स्वाभिमानको रक्षा गर्न आवश्यक रहेको बताउनुभयो ।

एकीकृत समाजवादी वाम मोर्चामा सहभागी भएको र अन्य शक्तिहरु पनि जोड्न आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँले देश, जनता र समाजका निम्ति एकीकृत समाजवादी पार्टी बनेको दावी गर्नुभयो । उहाँले हरेक कुराको आत्मसात गरी अगाडि बढेमा सबै चुनौतिको सामना गर्न सकिने बताउनुभयो । नेता कार्यकर्ताहरुलाई समाज रुपान्तरणमा अविचलित भएर अगाडि बढ्न आग्रह गर्नुहुँदै नेपालले पार्टीबाट निर्वाचित जनप्रतिनिधि र नेताहरु जनताको सेवा समर्पित हुनुपर्ने बताउनुभयो । नेताले देश बिगाऱ्यो भन्ने भाष्यलाई हटाउन आवश्यक रहेको उहाँको भनाई छ ।

समाजमा केही राम्रा नेताहरु रहेको बताउनुहुँदै उहाँले देश निर्माणको बारेमा सबैले छलफल गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । देशमै भएको प्राकृतिक स्रोतहरुलाई सदुपयोग नगरी विदेशबाट सामग्रीहरु आयात भइरहेको र देशमा आर्थिक समस्या निम्तिएको भन्दै यसबारे बहसै चलाउन आवश्यक रहेको बताउनुभयो ।

उहाँले सरकारमा जानु ठुलो कुरा नभएको बताउनुहुँदै गएर कति काम गर्न सकिन्छ भन्ने कुरा महत्वपूर्ण हुने बताउनुभयो । रेकर्डका लागि र कुर्सीकै लागि सरकारमा जाने आफुहरुको आचरण नभएको उहाँले बताउनुभयो । नेताहरुले असल आचरण बोक्नुपर्ने बताउनुहुँदै पछिल्लो समयमा पार्टीमा जनताको आकर्षण बढ्न थालेको उहाँले जीकिर गर्नुभयो । उहाँले नेता, कार्यकर्ताहरुलाई पार्टीमा थप सदस्य जोड्ने गरी लाग्न निर्देशन पनि दिनुभएको छ ।

नेकपा एकीकृत समाजवादीका महासचिव गंगा तुलाधरले एकीकृत समाजवादी मात्रै युवा, महिला र सबै वर्गको हित र अधिकार रक्षा गर्ने पार्टी भएको बताउनुभएको छ । अहिले एकीकृत समाजवादी जनताको आकर्षण बढ्न थालेका भन्दै उहाँले आगामी २०८४ सालको निर्वाचनमा नेकपा एमालेभन्दा ठूलो पार्टी बन्ने दावी गर्नुभयो । यस्तै पार्टीका स्थायी कमिटी सदस्य विरोध खतिवडाले एकीकृत समाजवादी जनताका लागि बनेको बताउनुभयो । कुनै सत्ताको लोभ नगरी अहिले समाजवादी जनताको सेवामा क्रियाशील रहेको उहाँको भनाई छ । आफ्नो पार्टीलाई पटक-पटक सरकारका लागि प्रस्ताव आएपनि सत्ताको लोभमा नपरेको उहाँले बताउनुभयो । उहाँले मकवानपुरमा पार्टी स्थापनाको बेला ४-५ सय पार्टी सदस्यबाट सुरु भएकोमा अहिले ३ हजार ५ सयभन्दा बढी पार्टी सदस्य पुगेको बताउनुभयो ।

पार्टी मकवानपुरका अध्यक्ष विष्णु दाहालको सभाध्यक्षतामा भएको अधिवेशन उद्घाटन कार्यक्रममा पार्टी स्थायी कमिटी सदस्य माधव पौडेल, ललित बस्नेत र केन्द्रीय सदस्यहरु मुनु सिग्देल लगायतको आतिथ्य रहेको थियो ।

## आँचलद्वारा ९ जना स्रष्टा सम्मानित



*मंगलादेवी श्रेष्ठ बाल प्रतिभा सम्मान-२०८० बाट सम्मानित प्रसिद्धी लामिछानेलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरका महिला साहित्यकारहरुको संस्था आँचल साहित्य कलापुञ्जले विभिन्न ९ जना व्यक्तित्वलाई सम्मान गरेको छ । शनिबार बिहान हेटौंडामा एक कार्यक्रम आयोजना गर्दै छुट्टाछुट्टै विधाबाट ९ जना स्रष्टालाई सम्मान गरेको हो ।

नेपाली मुक्तक, कविता, गजल लेखनका साथै संस्थागत योगदान तथा विधागत प्रशिक्षण माध्यमबाट बाल प्रस्फुटनमा विगतदेखि दिएको योगदानको कदर गर्दै सुन्तलीमाया श्रेष्ठ युवा प्रतिभा सम्मान २०८० बाट साहित्यकार दीपक गौतमलाई सम्मान गरिएको छ । चन्द्रकिरण श्रेष्ठ र मेनुका श्रेष्ठले स्थापना गर्नुभएको सुन्तलीमाया सम्मानबाट साहित्यकार गौतमलाई १० हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ ।

नेपाली पत्रकारिता क्षेत्रमा ६० को दशकदेखि निरन्तर क्रियाशील रही पत्रकारिता क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै ईश्वर लम्साल स्मृति पत्रकारिता सम्मान २०८० बाट सञ्चारकर्मी सरिता दाहाललाई सम्मान गरिएको छ । अप्सरा तिम्सिना र प्रकाश लम्सालले स्थापना गर्नुभएको सम्मानबाट सञ्चारकर्मी दाहाललाई ७ हजार ५ सय रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ ।

नेपाली कविता, गजल, मुक्तक लेखनको क्षेत्रमा क्रियाशील रहेर साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै मुक्ति-तारा नवप्रतिभा सम्मान २०८० बाट स्वस्तिका बानियाँ सम्मानित हुनुभएको छ । मुक्तिगोविन्द वैद्य र तारादेवीले स्थापना गर्नुभएको पुरस्कारबाट बानियाँलाई ५ हजार १ रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ ।

समकालिन नेपाली साहित्य, कविता, निबन्ध एवम् आख्यान विधाको क्षेत्रमा विगत लामो समयदेखि योगदान दिएकाले टीकादत्त मायादेवी कुलकुमारी साहित्य सम्मान २०८० बाट काठमाडौंकी साहित्यकार प्रभा बराललाई सम्मान गरिएको छ । रुकु कार्कीले स्थापना गर्नुभएको पुरस्कारबाट साहित्यकार बराललाई ११ हजार १ सय ११ रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ ।

नेपाली वाङ्मय आकाशमा प्रतिभाका रुपमा रहेर समकालीन नेपाली भाषा, साहित्य तथा समालोचनाको क्षेत्रमा लामो समयदेखि दिएको योगदानको कदर गर्दै काठमाडौंका साहित्यकार डा. नेत्र एमटलाई सम्मान गरिएको छ । गजाधर तिमल्सिना र यशोधरा तिमल्सिनाले स्थापना गर्नुभएको अप्सला तिम्सिना लम्साल स्मृति साहित्य सम्मान २०८० बाट डा. नेत्र एटम सम्मानित हुनुभएको छ । एटमलाई १५ हजार ५ सय १ रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ ।

नेपाली गायनको माध्यमबाट आफूलाई परिचित गराउन सफल मंगलादेवी श्रेष्ठ नवप्रतिभा साहित्य सम्मान २०८० बाट प्रसिद्धि लामिछानेलाई ३ हजार ५ सय एक रुपैयाँ नगद राशि र सम्मानपत्रसहित सम्मान गरिएको छ । नेपाली साहित्यमा छन्द कविता लेखन र वाचनका साथै संस्थागत योगदानको माध्यबाट आफूलाई परिचित गराउन सफल भएकाले नुवाकोट जिल्लाकी साहित्यकार सुमित्रा सुमीलाई सम्मान गरिएको छ । मुना अर्यालले स्थापना गर्नुभएको प्रतिभा धिताल छन्द सम्मान २०८० बाट १० हजार एक रुपैयाँ नगद राशि र सम्मानपत्र सुमित्रा सुमीलाई प्रदान गरिएको छ ।

बालकुमारी जगन्नाथ भेटुवाल स्मृति साहित्य सम्मान २०८० बाट रौतहट जिल्लाकी रेणुका जीसीलाई सम्मान गरिएको छ । हरिवंश भेटुवाल र बिजुला भेटुवालले स्थापना गर्नुभएको सम्मानबाट जीसीलाई १० हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ । यस्तै, आँचल साहित्य कलापुञ्जले स्थापना गरेको आँचल साहित्य सम्मान २०८० बाट हरिवंश भेटवाललाई सम्मान गरिएको छ ।

आँचलकी अध्यक्ष भावना सापकोटाको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा उद्घाटन समारोह भएको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि घलानले सबै साहित्यकारहरुले साहित्यको माध्यमबाट समाजलाई चित्रण गर्नसक्ने बताउनुभएको छ । हरेक साहित्यकारको आफ्नै पहिचान हुने बताउनुहुँदै समाजमा समृद्ध वातावरण निर्माण गर्नका लागि साहित्यको थप विकास गर्नुपर्ने उहाँले बताउनुभयो ।

विद्यालयस्तरमा पनि साहित्यिक क्षेत्रलाई जोड्न आवश्यक रहेको उहाँको भनाइ छ । शिक्षा, स्वास्थ्य सँगै रोजगारीको क्षेत्रलाई पनि विकास गरेमा देशलाई समृद्ध बनाउन सक्ने उहाँले दावी गर्नुभएको छ । महिलाहरुलाई विशेष प्राथमिकतामा राख्ने आँचल साहित्यले विभिन्न विधाबाट स्रष्टाहरुलाई पुरस्कृत गरेकोमा उहाँले खुशी व्यक्त गर्नुभयो ।

संस्थाकी अध्यक्ष भावना सापकोटाले आँचलले आयोजना गरेको साहित्यिक, सांस्कृतिक कार्यक्रममा सहयोग गर्ने विभिन्न संस्थाहरुलाई धन्यवाद व्यक्त गर्नुभयो । हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले सबै मानिसहरुले विकास भन्नेबित्तिकै बाटो, ढल, घर र पुलजस्ता कुराहरुको निर्माणलाई बुझ्ने गरेको भन्दै सामाजिक विकासमा पनि जोड दिनुपर्ने बताउनुभएको छ ।

## १०४ वर्षीया प्रजालाई घरमै नागरिकता



*नागरिकता हस्तान्तरण गर्नुहुँदै प्रमुख जिल्ला अधिकारी सेडाई ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाका एक वृद्धालाई मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले घरमै पुगेर नेपाली नागरिकता प्रदान गर्नुभएको छ । राक्सिराङ-७ बस्ने १०४ वर्षीया ज्येष्ठ नागरिक माजनी प्रजालाई घरमै पुगेर नागरिकता प्रमाणपत्र प्रदान गरिएको हो ।

शुक्रबार प्रजाको घरमै पुगेर नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी सेढाईले जानकारी दिनुभयो । गृह मन्त्रालयले कार्यालयबाहेक अन्यत्र लगेर नागरिकता नदिनु भनेता पनि नागरिकता कार्यालयमा नै तयार पारेर प्रजाको घरमा नै पुगेर नागरिकता प्रदान गरेको उहाँले बताउनुभयो ।

प्रजाले १०४ वर्ष पुग्दासमेत नागरिकता प्राप्त गर्नुभएको थिएन । वि.सं १९७७ भदौ १२ गते जन्मनु भएका प्रजा सामान्यतया नेपाली भाषासमेत बुझ्न नसक्ने हुनुहुन्छ । प्रजाका श्रीमान् शार्सी प्रजाको वि.सं २०४२ सालमा नै मृत्यु भएको थियो । प्रजा शार्सीका तेस्रो श्रीमती हुन् । उहाँका कोही पनि सन्तान छैनन् । केही वर्ष अघिसम्म गाउँका अरु मानिसको घरमा बस्दै आउनुभएकी प्रजा अहिले उहाँको सौतेनी पनातिनी मंगलीमाया प्रजाको घरमा बस्दै आउनुभएको छ ।

प्रजाका सौतेनी छोरा बुहारीको समेत मृत्यु भइसकेको ७ नम्बर वडाका वडा अध्यक्ष रामबहादुर प्रजाले जानकारी दिनुभयो । वडा अध्यक्ष रामबहादुरले भन्नुभयो, 'प्रजाको सन्तान छैनन् । सन्तान त जन्मेका थिए, सानैमा बिते । प्रजाको श्रीमानले ३ वटा विवाह गर्नुभएकोमा प्रजा कान्छी श्रीमती हुन् । प्रजाको कोही पनि नभएकाले गाउँलेहरुको घरमा बस्दै आउनुभएको थियो, केही समय मेरो घरमा समेत बस्नुभयो ।' सौतेनी पनातिनी मंगलीमाया विवाह गरेर गाउँमा आउनुभएपछि अहिले प्रजा उहाँको घरमा बस्दै आउनुभएको वडा अध्यक्ष रामबहादुले जानकारी दिनुभयो ।

पनातिनीसँग सोधपुछ गरी मुचुल्कापश्चात् उहाँलाई नेपाली नागरिकता प्रदान गरिएको हो । नेपालको संविधानको भाग २ (धारा १० देखि १५) मा नागरिकतासम्बन्धी व्यवस्था रहेको छ । जसमा नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित नगरिने व्यवस्था रहेको भए पनि प्रजा भने हालसम्म नागरिकताबाट वञ्चित रहनुभयो । नेपाल सरकारले एकल महिलालाई भत्ताको समेत व्यवस्था गरेकोमा प्रजाको नागरिकता नहुँदा उक्त सुविधाबाट समेत वञ्चित हुनुभएको थियो । प्रजाले नागरिकता प्राप्त गरेसँगै सरकारले दिने सेवा सुविधाहरु प्राप्त गर्नुहुनेछ ।

## १२ कक्षाको परीक्षामा १३० अनुपस्थित

समाज संवाददाता

हेटौंडाः शुक्रबारबाट सुरु भएको कक्षा १२ को परीक्षाको पहिलो दिन मकवानपुर जिल्लाका १ सय ३० जना परीक्षार्थी अनुपस्थित भएका छन् । यस वर्ष ७ हजार ६ सय ९० जना विद्यार्थीले परप्क्षा फारम भरेकोमा पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षामा १९ वटा परीक्षा केन्द्रबाट १ सय ३० जना परीक्षार्थी अनुपस्थित भएको राष्ट्रिय परीक्षा बोर्डका शाखा अधिकृत जयप्रकाश प्रसाद कुशवाहले जानकारी दिनुभयो ।

मकवानपुरमा कक्षा १२ सम्म पठनपाठन हुने ५३ वटा विद्यालय रहेकोमा यसवर्ष १९ वटा परीक्षा केन्द्र तोकिएको थियो । १९ वटा परीक्षा केन्द्रमध्ये सिद्धार्थ मावि हेटौंडा र मकवानपुर बहुमुखी क्याम्पसमा आंशिकतर्फ एक जना पनि विद्यार्थी अनुपस्थित नभएको उहाँले जानकारी दिनुभयो । सबैभन्दा धेरै हेटौंडा क्याम्पसमा २३ जना विद्यार्थी अनुपस्थित भएका थिए । यसवर्ष नियमिततर्फ ५ हजार ५ सय ८७ जना परीक्षार्थीले परीक्षा फारम भरेका थिए । यस्तै, २०७८ र २०७९ सालमा पहिलो पटक परीक्षा दिएर ग्रेडवृद्धि परीक्षामा सहभागी एक हजार ९ सय ६२ जना र २०७६ र २०७७ मा परीक्षा दिन सुरु गरेका १ सय ४१ जनाले परीक्षा फारम भरेका थिए ।

**सुवर्ण अवसर ! सुवर्ण अवसर ! सुवर्ण अवसर !**

**नेपाल व्यवस्थापन संघ, वागमती प्रदेश समितिको पहल तथा हेटौंडा उपमहानगरपालिका, २ नम्बर वडा कार्यालयको सहयोगमा उद्यमशीलता तथा व्यावसायिक नविनतम् सोच, अवधारणा, परियोजना प्रस्ताव प्रस्तुतीका साथै त्यस्ता सोच, अवधारणा र परियोजना प्रस्तावहरु कार्यान्वयनमा लैजान आवश्यक नीतिगत, कानूनी, वित्तीय, बजारीकरण, संस्थागत क्षमता तथा मानव संसाधन, संजालीकरण जस्ता विधाहरुमा सम्बन्धित क्षेत्र तथा विषयमा अनुभवी विज्ञहरुबाट case by case पृष्ठपोषण गर्ने र कार्यान्वयनमा सहजीकरण समेत गर्ने उद्देश्यका साथ हेटौंडामा नै पहिलो पटक "स्वरोजगार मेला (Self-Employment Expo)" को आयोजना हुन गइरहेको हुँदा हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने कुनै पनि विषयमा न्युनतम कक्षा १२ उत्तीर्ण वा मध्यमस्तर (लेभल ५) सम्मको सीप भएका युवाहरुबाट स्वरोजगारमूलक उद्यमशीलता एवम् व्यावसायिक परियोजना सम्बन्धी सोच, अवधारणा वा परियोजना प्रस्ताव (Innovative Business Idea/Concept/Proposal) संस्थाले उपलव्ध गराएको ढाँचामा आगामी वैशाख २५ गते भित्र निम्न ठेगाना वा इमेलमा Hard copy/Soft copy पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ । साथै उत्कृष्ट ३ वटा सोच, अवधारणा वा परियोजना प्रस्तावलाई प्रोत्साहन स्वरुप पुरस्कृत समेत गरिने जानकारी गराईन्छ ।**

**अवधारणा पत्र पेश गर्ने ठेगाना**
**संघको कार्यालयः नलेज भिलेज, नवलपुर, हेटौंडा-११**
**फोन नं.: ०५७-५२३८०२, मोवाइलः ९८५१०६००८१**
**इमेलः** manbpchtd@gmail.com

# सम्पादकीय

## कानुन निर्माणमै अलमल

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । मुलुकमा संघीय संरचनाअन्तर्गत तीन तहको सरकार सञ्चालनमा छ । स्थानीय, प्रदेश र संघ तीनै तहको अधिकार क्षेत्रलाई पनि संविधानले स्पष्ट व्यवस्था गरेको छ । संविधानले तीनै तहमा व्यवस्थापिका र कार्यपालिकाको व्यवस्था पनि गरेको छ । यी तहहरु अधिकारसम्पन्न भए पनि आपसी समन्वय र सहकार्य नहुँदा विभिन्न समस्यामा परिरहेका छन् । राजनीतिक दलबीच फेरबदल भइरहने सत्ता गठबन्धनले अस्थिर बनाइरहेको अवस्थामा तीनै तहले आफूलाई आवश्यक कानुन निर्माणमा पूर्ण सफलता पाउन सकेका छैनन् । नयाँ संरचनासमेत भएका कारण प्रदेशले अपेक्षित कानुन निर्माण गर्न नसकेको मात्र होइन, सरकारले प्रभावकारी काम पनि गर्न सकेको छैन । संघीय सरकारले आवश्यक कानुन निर्माण नगर्दा त्यसको नकारात्मक प्रभाव प्रदेश र स्थानीय तहमा पनि परिरहेको छ ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले तीन तहका सरकारको साझा अधिकारको सूचीमा रहेका कानुन निर्माणमा समस्या भइहेको बताउनुले पनि कानुन निर्माणमा अनावश्यक अलमल भइरहेको पुष्टि गर्दछ । तीनै तहको सरकार वा कुनै दुई तहको सरकारको साझा अधिकारका लागि विभिन्न आवश्यक कानुन निर्माणमा आ-आफ्नो स्वार्थ बाझिएका कारण समस्या भइरहेको मन्त्री श्रेष्ठको भनाइ छ । संघ, प्रदेश र स्थानीय तहले आफू अनुकूल कानुन बनाउन जोड गर्दा समस्या आइरहेको भन्दै एक-अर्काप्रति तानतानको अवस्था देखिँदा साझा अधिकार सूचीमा रहेका कानुन निर्माण प्रक्रियामै समस्या भएको मन्त्रीले बताएका हुन् । सरकारलाई आवश्यक कानुन निर्माण नहुँदा नागरिकहरुले पाउनुपर्ने सेवा, सुविधा र अधिकार नपाएको अवस्था छ ।

कानुन निर्माणमा बागमती प्रदेश पनि सुस्त देखिएको छ । प्रदेश सरकारकै कमजोरीले व्यवस्थापिकाले कानुन बनाउन नसकेको हो । प्रदेश वा स्थानीय तहले बनाउने कानुन संघीय सरकारसँग बाझिने गरेका कारण बारम्बार संशोधन गर्नुपर्ने समस्या पनि उत्तिकै छ । संघीय सरकारले आवश्यक कानुन नबनाउँदा प्रदेश र स्थानीय सरकारलाई पनि कानुन बनाउन अप्ठेरो भइरहेको छ । बागमती प्रदेशसभाको पहिलो ५ वर्षमा ७० वटा विधेयक पारित भएका थिए, जसमा ४३ वटामात्र मुल कानुन थियो । प्रदेशसभाको दोस्रो कार्यकालको करिब डेढ वर्षमा प्रदेशसभाले जम्मा ८ वटा विधेयक पारित पारित गरेको छ । त्यसमा पनि मुल कानुन ४ वटामात्र छ । बागमती प्रदेशसभाले हालसम्म ७८ वटा विधेयक पारित गरेको छ । प्रदेशसभामा दर्ता भएका ८७ विधेयकमध्ये ७८ वटा पारित भएको र ७७ वटा विधेयक प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएको छ । यसमध्ये पनि मुल ऐन ४७ वटामात्र रहेको छ भने ३१ वटा भने संशोधित ऐन र सालबसाली ऐनहरु छन् । प्रदेश सरकार सञ्चालन तथा सेवा प्रवाहका लागि कम्तिमा ९९ वटा कानुन आवश्यक हुन्छ ।

संघीयता कार्यान्वयनमा आएको ६ वर्षभन्दा बढी भइसक्दा प्रदेशसभाले आवश्यकमध्ये आधा ऐन पनि निर्माण गर्न सकेको छैन । संघ, प्रदेश र स्थानीय तहले एकल अधिकारसँग सम्बन्धित ऐन नै निर्माण गर्न नसकेको अवस्थामा साझा अधिकारसँग सम्बन्धित ऐन कहिलेसम्म बन्ने हो निश्चित छैन । साझा अधिकार क्षेत्रभित्रको कानुन निर्माण गर्दा तीनवटै सरकारले समन्वय आवश्यक छ । संविधानले तीनै तहको सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको कल्पना गर्दै प्रत्येक तहको अलगअलग र साझा अधिकारको स्पष्ट व्यवस्था गरेको भए पनि कानुनी व्यवस्था नहुँदा व्यवहारमा लागू हुन सकेको छैन । बनेका कानुनहरु पनि पूर्णरुपमा लागू नहुनु अर्को विडम्बना बनिरहेको छ । संघीय सरकारले आवश्यक कानुन निर्माण नगर्दा प्रदेश तथा स्थानीय तहले निर्माण गरेका कतिपय ऐन कार्यान्वयनमा आउन सकेका छैनन् । संघीयतालाई प्रभावकारी बनाउन कानुन निर्माणमा देखिएको विलम्ब अन्त्य गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : शरीरमा थकान र उत्पासहको कमी आउने समय छ ।
**वृष** : शरीरमा स्वास्थ्य र वुद्धि निर्मल बन्ने योग छ ।
**मिथुन** : पुरुषार्थी कामले समाजमा स्थापित भइने छ
**कर्कट** : विचार र भावमाथि नियन्त्रण गर्दा राम्रो ।
**सिंह** : गोपनियतामा विशेषमा विशेष विचार राख्नुपर्ला ।
**कन्या** : हैसियतमा वृद्धि हुने समयको योग छ ।
**तुला** : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ ।
**वृश्चिक** : चहाना र सपनालाई जीवनल्ता तुलाइने छ ।
**धनु** : आर्थिक पक्ष त्यति लाभ रहने छैन ।
**मकर** : राजनीतिक र साहित्यक कृतिमा सक्रियता बढ्ला ।
**कुम्भ** : कामबाट सोचेको अनुरुप लाभ हुनेछ ।
**मीन** : मान्यजन र निकट व्यक्तिसँग मन बढ्ने छ ।

# धर्म निरपेक्षता केका लागि ?



बिशभ अधिकारी

नेपालको संविधान २०७२ ले मुलुक धर्म निरपेक्ष राष्ट्र रहने व्यवस्था गरेको छ। संविधानले धर्म निरपेक्षताको व्याख्या गर्दै धर्म निरपेक्षता भनेको सनातन धर्मको रक्षा र सम्बर्धन गर्ने भनेर विचित्रको व्याख्या संविधानको अंश बनाइएको छ। धर्म निरपेक्ष भनेको राज्य धर्मसँग अलग रहने हो। राज्यको कुनै धर्म हुँदैन भन्ने हो। राज्य धर्मभन्दा माथि उठेर स्वतन्त्र हुनु हो। धर्म निरपेक्षतालाई कुनै एउटा धर्मलाई मात्र खास मान्यता नदिएर सबै धर्मलाई समान ठान्ने तथा धर्मका मामिलामा राज्यले कुनै किसिमको हस्तक्षेप नगर्ने र संविधानमा पनि कुनै धर्मको आड नलिने जनाउँछ। अर्थात् राज्य धर्मको आधारमा नभई अनुभव, ज्ञान र सीपको आधारमा चल्नुपर्छ भन्ने मान्यता धर्म निरपेक्षताको मान्यता हो।

पश्चिमा धर्म निरपेक्षता धर्म र राज्य बीच पूर्ण पृथकीकरणमा आधारित छ, भने नेपालमा सबै धर्मलाई समग्ररूपमा सम्मान गर्ने संवैधानिक मान्यतामा आधारित छ। पश्चिमा देशहरुमा चर्चले राज्यको सबै खालको शक्ति आफैंले कब्जा गर्ने थाले, चर्च नै कार्यपालिका, न्यायपालिका रव्यवस्थापिका जस्तो देखिन थाल्यो। त्यसको अकर्मण्यता यतिसम्म बढ्यो कि चर्चले स्वर्ग जाने टिकट बेच्न थाल्यो। त्यसपछि मन्टेस्क्यू जस्ता दार्शानिकहरुले यो चर्चको शक्तिलाई हामीले छुटाएर शक्ति पृथकीकरणको सिद्धान्त ल्याउनुपर्छ भन्ने हिसाबबाट आएको हो। यो धर्म निरपेक्षता नकारात्मक देखिन्छ। किन भन्दा यो रिएक्टिभ छ।

धेरै मुलुकहरूमा धर्म निरपेक्षता भनिए तापनि आफ्नो एलायन्स बनाउँदा र दुश्मनी गर्दा धर्मलाई नै आधार मान्छन्। कतिपयले धर्म निरपेक्षतालाई हात्तीको दाँत सरह बनाएका छन्। उदाहरणका लागि अमेरिका आफूलाई धर्मनिरपेक्ष राष्ट्र भन्छ तर बराक हुसैन ओबामा जो मुस्लिम समुदायका थिए उनले आफ्नो नामबाट हुसैन हटाएर मुस्लिम धर्म छोडेर क्रिष्चियन धर्म मानेपछि मात्र उनि राष्ट्रपति हुन योग्य भए। विशेषगरी ९/११ घटनापछि अमेरिकीहरुले मुस्लिमहरूलाई हेर्ने दृष्टिकोण नै पृथक छ, आफ्नो देशमा बाईबल छोएर सपथ खुवाउने अमेरिकीहरु अरुको देशमा आएर धर्म परिवर्तन गर्न पाउनुपर्ने विषय संविधानमा समावेश गर्नुपर्छ भन्ने आपत्तिजनक भनाई राख्छन्।

केही समयअघि बेलायतका पूर्वप्रधानमन्त्री डेविड क्यामरुनले संसदमै भनेका थिए कि बेलायतमा थुप्रै जातजातिका, थुप्रै धर्म मान्नेदेखि नास्तिकहरु पनि छन् तर बेलायतको मूल्य, मान्यता क्रिष्चियानिजीले मात्र बोक्छ भनेर दावी गरे। वास्तवमा हरेक समाज कुनै न कुनै जगमा टेकेर बनेको हुन्छ र त्यो जग मध्ये एउटा मुख्य जग धर्म हो। अमेरिकी राजनीतिज्ञ हेनरी किसिंजरले भनेका छन् धर्म निरपेक्षता भनेको धर्म शून्य हुनु होइन, धर्म निरपेक्षता भनेको धार्मिक असहिष्णुता नहुनु हो। त्यसैले अफ्रिकन आर्च बिशप (पादरी) डेसमंड टूटूले भनेका छन् “जब मिसनरीहरू अफ्रिकामा आए तिनीहरूसँग बाईबल थियो र हामीसँग भूमि थियो। तिनीहरूले भने, 'हामी प्रार्थना गरौं।' हामीले आँखा बन्द गर्यौं। हामीले आँखा खोल्दा हामीसँग बाईबल थियो तिनीहरूसँग जमिन थियो।”

विश्वमा करिब-करिब ८६ राष्ट्रहरु ईसाई छन् जसमा १५ वटा राष्ट्र जस्तै अर्जेन्टिना, कोस्टारिका, डेनमार्क, ग्रिस आदि त प्रत्यक्षरुपमा चर्चबाट नै सञ्चालित छन्। त्यसैगरी करिब ४८ वटा राष्ट्र मुस्लिम छन्, करिव ८ राष्ट्रत बौद्राष्ट्र छन् भने करिब डेढ करोडको हाराहारीमा रहेको यहुदीहरुको पहिचानसहितको देश रहेको छ। संवैधानिकरुपमा निरपेक्षता वा धर्मबाट अलग भने पनि व्यवहारिकरुपमा ति कुनै न कुनै धर्मबाट निर्देशित छन्। युरोपका देशहरु क्रिष्चियानिटी मान्यतामा खडा भएको छ त्यस्तै नेपालको भू-यथार्थ पनि बुझ्न जरुरी छ।

त्यसरी नै नेपाल सनातन धर्म, संस्कृतिको जगमा खडा भएको देश हो। करिब १५० करोड हिन्दूहरु भएको विश्वमा किन एउटा हिन्दू राष्ट्र हुन नसक्ने ? जनसंख्याको हिसाबमा पनि नेपालमा हिन्दू बाहुल्य रहेको र साँस्कृतिक भाषिकरुपमा पनि यो देश हिन्दू सापेक्ष हुनुपर्ने हुन्छ। नेपालमा रहेका विभिन्न धार्मिक तथा संस्कृति पहिचान बोकेको क्षेत्रहरुमा विश्वभरी छरिएर रहेका करिब १५० करोड हिन्दूहरुको १ प्रतिशत मात्र पनि वार्षिकरुपमा नेपाल आए भने यसले नेपालको अर्थतन्त्रलाई ठूलो टेवा पुर्‍याउन सक्छ। करोडौं खर्च गरेर संविधानको सुझाव संकलन गर्ने कार्य भयो सो समयमा धेरै भन्दा धेरै नेपालीले सुझाव दिने क्रममा हिन्दू राज्यको माग पनि गरे तर सुझावको कुनै पनि बुँदा संविधानसभामा प्रस्तुत भएन।

वैदिक सनातन धर्म मान्ने हाम्रो देश देवभूमि हो ऋषिहरुले तपस्या गर्ने तपोभूमि हो यो देश एक अर्ब हिन्दूहरुको आस्थाको धरोहर हो। यहाँ हिन्दू किराँत, बौद्ध, जैन गरेर ९४ प्रतिशत जनता ओमकार परिवारका छन्। मठ, मन्दिर, देवालय ३३ कोटी देवताको बास रहेको यो क्षेत्र पूर्ण धार्मिक आस्थाको पुञ्ज हो। यस्तो देश स्वतधर्मबाट किमार्थ अलग र हन सक्दैन। यहाँको सनातनि परम्परा संस्कृति जन्मदेखि मरणसम्मको हाम्रा मान्यताहरु मौलिक छन्।

२०६२/६३ को जनआन्दोलनमा धर्मनिरपेक्षता न आन्दोलनको माग थियो न १२ बुँदे सम्झौतामा समावेश थियो। आन्दोलनको रापतापमा रातारात युरोपियन युनियनको दबाबमा यो मुद्दा षड्यन्त्रपूर्वक नेपाली जनतामाथि लादियो। आज त्यहि धर्मनिरपेक्षताको आवरणमा तीव्र ढंगबाट धर्मान्तरण भयो। लोभ लालच दिएर धर्म परिवर्तन गर्ने खेल डढेलो जस्तो सल्कियो। अहिले अनौपचारिक तथ्याङ्क हेर्ने हो भने पचास लाख हाराहारीमा क्रिष्चियन संख्या रहेको छ। त्यस्तै चर्चहरु उल्लेखनीय संख्यामा छन्। खासगरी अनपढ, गरिब, जातीय विभेदको कुरा देखाएर भ्रम छरेर धर्म परिवर्तन गराउने खेल जारी छ।

साँस्कृतिक अतिक्रमणको यो कहाली लाग्दो तस्बिरको पछाडि डलरको खेति गर्ने एनजिओ/आएनजिओ लगायत संगठित र योजनावद्ध ढंगबाट धर्म परिवर्तन गराउने कार्य भएको देखिन्छ। नेपालको पहिचान नै संकटपूर्ण अवस्थामा छ। हाम्रो शास्त्र, धर्मले कतै जातीय विभेद्, छुवाछुतको व्यवस्था गरेको छैन। केहि टाठा-बाठा ब्राह्मण र सामन्तीहरुले छुवाछूत, जातीय विभेद्, उत्पीडन जस्ता विषय प्रचलनमा ल्याएपनि जनताको बढ्दो सचेतनाका कारण ती न्यूनीाकरण हुँदैछ भने कानुनतः ती दण्डनीय छ। धर्म परिवर्तन त्यहि आधारमा भ्रमितरूपमा गरिँदैछ जबकी हिन्दु अधिराज्य हुँदा पनि सबै धर्मको सह-अस्तित्व र सम्मान उतिकै कायम थियो। नेपाल बहुधार्मिक भएर पनि सबै धर्मबीच बलियो एकता थियो। अहिले देशको पहिचानकोरुपमा हिन्दुत्वको कुरा गरिएको हो।

धर्मको नाममा शासन गर्ने कुरा किमार्थ स्विकार गर्न सकिँदैन। मलेसियामा मलेसियन नागरिक हुन अनिवार्यरुपमा मुस्लिम हुनै पर्छ। यहाँ हिन्दुत्व हुनु भनेको अनिवार्य र बाध्यतामकरुपमा देशको सर्वश्रेष्ठ नागरिक हुनु होईन न कि एकल धर्म लाद्न खोजिएको हो यस्ता आरोपमा कुनै सत्यता छैन। धर्म, संस्कृति ईतिहास जोगाऔं यही नै नेपाली पहिचान र गौरव हो ॥ अस्तू

# बढ्दो वायु प्रदूषण



डा. माधव अधिकारी



विश्व बैंकको प्रतिवेदनअनुसार दक्षिण एसियामा वायु प्रदूषणबाट हुने रोगबाट बर्सेनि २० लाखको मृत्यु हुने गर्छ। दक्षिण एसियामा वायु प्रदूषणको अवस्था भयावह छ। संसारका १० प्रदूषित सहरमध्ये ९ वटा दक्षिण एसिया क्षेत्रमा रहेको विश्व बैंकको मिति २०७९ मंसिर २८ गतेको प्रतिवेदनमा उल्लेख छ। विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डअनुसार हावामा औसत वार्षिक पिएम २.५ एक घनमिटरमा ५ माइक्रोग्राम हुनुपर्छ। २.५ माइक्रोमिटर वा सोभन्दा साना धूलाका कणलाई पिएम २.५ भन्ने गरिन्छ। धेरै साना हुने यस्ता कणले फोक्सो हुँदै रक्तसञ्चार प्रणालीमा प्रवेश गरेर मानिसलगायत अन्य जीवित प्राणीमा अस्वस्थ बनाउँछ।

सोको प्रभावबाट स्वास-प्रश्वाससम्बन्धी रोगसँगै फोक्सोको क्यान्सर हुने डब्लुएचओले जनाएको छ। त्यस्तै विश्व बैंकको 'स्ट्राइभिङ फर क्लिन एयरः एयर पोलुसन एन्ड पब्लिक हेल्थ इन साउथ एसिया' अध्ययन प्रतिवेदनमा हावामा वार्षिक औसत पिएम २.५ को मात्रा ३५ माइक्रोग्राम प्रतिघनमिटरमा पाइएको उल्लेख छ। भारतको लखनउ, कोलकाता, बनारस, नयाँ दिल्ली र पटना; नेपालको काठमाडौँ उपत्यका, बंगलादेशको ढाका, अफगानस्तानको काबुल र पाकिस्तानको इस्लामाबादमा वार्षिक रूपमा हावामा धूलोको कणको मात्रा औसतभन्दा बढी छ। सोअनुसार हावामा पिएम २.५ को मात्रा धेरै जनसंख्या भएको ठाउँमा २० गुणाभन्दा बढी पाइएको छ।

सो प्रतिवेदनअनुसार वायु गुणस्तरका लागि दक्षिण एसियाली मुलुकमा बनाएको नियम पनि प्रभावकारी कार्यान्वयन नभएको जनाइएको छ। सो समस्या समाधानका लागि उत्सर्जनमा कटौतीसँगै क्षेत्रीय रुपमा पहल र समन्वयको खाँचो छ। पूर्ण रूपमा नीतिगत व्यवस्था कार्यान्वयन गरिए हावामा धूलोको कणको मात्रा ४ प्रतिशतले मात्र घट्ने प्रतिवेदनमा उल्लेख छ। सन् २०१८ देखि २०३० मा यस क्षेत्रमा धूलोको कणको मात्रा १२ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ। खाना पकाउने दाउरा, ससाना उद्योगबाट निस्कने उत्सर्जन, इँटा उद्योग, फोहोर व्यवस्थापनमा कमजोरी, बढ्दो सवारी साधन तथा प्लास्टिक जलाउने कार्यले वायु प्रदूषण बढेको छ। साथै, असन्तुलित रूपमा वितरण र प्रयोग हुने रासायनिक मलले पनि वायु प्रदूषण बढाउन भूमिका खेलेको र दक्षिण-पश्चिम एसियाली क्षेत्रमा धूलो, जैविक कम्पाउन्ड तथा वनमा डढेलोको प्रभावबाट वायु प्रदूषण भएको जनाइएको छ।

नेपालको सन्दर्भमा गर्मी बढेसँगै जतातते डढेलोको संख्यामा वृद्धि भएपछि वायु प्रदूषण बढेको छ। डढेलो र प्रदूषणका कारण काठमाडौँ उपत्यका र मध्य तथा पूर्वी भागमा वायु प्रदूषणको स्तर बढी भएको पाइन्छ। सो कारण नेपालको काठमाडौंलगायत अन्य सहरहरू बेलाबखत प्रदूषित सहरको सूचीमा आउने गर्छन्। वायु प्रदूषणका कारण विश्वमा ७० लाख, दक्षिण एसियामा २० लाख, नेपालमा करिब ४२ हजार र काठमाडौँ उपत्यकामा करिब ५ हजारको मृत्यु वायु प्रदूषणबाट हुने समाचार बाहिर आएको छ। हुन त नेपालको संविधानको धारा ३० मा स्वस्थ वातावरणको हकलाई मौलिक हकका रूपमा उल्लेख गर्दै स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको व्यवस्था गरेको पाइन्छ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वायु प्रदूषणबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नका लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने उल्लेख छ। गुणस्तरीय वायुसहित नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको हकको सुनिश्चितताका लागि तीनै तहको सरकारको प्रयास हुनु आवश्यक छ। अन्तर्राष्ट्रिय महासन्धि १९९६ को धारा ११ को उपधारा २ (क), धारा १२ को उपधारा २ (ख) र (ग) मा भएको व्यवस्थाबमोजिम वातावरणीय अधिकार तथा बालअधिकारसम्बन्धी महासन्धि १९८९ ले वातावरणीय प्रदूषणबाट हुने खतरा र बालबालिकालगायत सबैलाई सुरक्षित राख्नु आवश्यक छ।

नेपालतिर प्रदूषण बढ्नुमा भारत र चीनको पनि प्रभाव पर्छ। कचौरा आकारको उपत्यकामा स्थानीय प्रदूषणसमेत मिसिएपछि वायु थप प्रदूषित बन्छ। वायु वेगले बगेको भए प्रदूषण घट्थ्यो। तर हावा पनि चलेन, प्रदूषण मात्रै भित्रिरह्यो। सो कारणले वायुमण्डलको तल्लो तहसम्ममै प्रदूषण अत्यधिक फैलन्छ। विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार एक्युआई ३५ भन्दा कम हुनुपर्छ। ५१ देखि १ सयसम्मको एक्युआईलाई सामान्य मानिन्छ। एक्युआई २ सय १ भन्दा माथि पुगे धेरै अस्वस्थकर हुन्छ। ३ सय १ भन्दा माथि पुगे घातक हुन्छ। स्मरण रहोस्, गत २०८० चैतको अन्तिम हप्तामा उपत्यकामा वायु प्रदूषण बढ्दा सोही हप्ताको मंगलबार र बुधबार काठमाडौं दूषित सहरको सूचीमा परेको थियो। एयर

....बाँकी पृष्ठ ३ मा

# विद्यालयस्तरीय गायन प्रतियोगितामा अर्मोन प्रथम




*गायन प्रतियोगिताको पुरस्कार वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः आँचल साहित्य कला पुञ्ज मकवानपुरको आयोजनामा भएको वृहत् साहित्यिक साँस्कृतिक कार्यक्रमअन्तर्गत् विद्यालयस्तरीय एकल गायन प्रतियोगितामा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका अर्मोन कार्की प्रथम भएका छन् । शनिबार हेटौंडामा भएको गायन प्रतियोगितामा ६० अंक प्राप्त गर्दै कार्की प्रथम भएका हुन् ।

बालजागृतिबाटै सुलज्ञा शाह द्वितीय भएकी छिन् भने हेटौंडा-५ स्थित ज्ञानोदय बालबाटिका आवासीय विद्यालयकी अंशु लामा तृतीय भएकी छिन् । ज्ञानोदयकै आयुष उप्रेती सान्त्वना भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः ८ हजार, ६ हजार, ४ हजार र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नवीन सिग्देलले विजयीहरुलाई पुरस्कार वितरण गर्नुभएको हो । प्रतियोगितामा सहभागी हुनका लागि २० जना प्रतियोगीहरुले नाम दर्ता गराएकोमा १५ जनाको मात्र कार्यक्रममा गीत गाए ।

प्रतियोगिताका कृष्णगोपाल सिंह, पूर्णविक्रम अधिकारी र सुनिता बुर्लाकोटी लुईंटेलले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

# शैक्षिक परामर्शदाता संस्थालाई सदस्यता प्रमाणपत्र वितरण



*इक्यानको सदस्यता प्रमाणपत्र वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः नेपाल शैक्षिक परामर्श संघ (इक्यान) मा आवद्ध मकवानपुरका परामर्शदाता संस्थालाई सदस्यताको प्रमाणपत्र वितरण गरिएको छ । केन्द्रीय समितिका पदाधिकारीको उपस्थितिमा शनिबार हेटौंडामा एक समारोहका बीच १६ वटा संस्थालाई प्रमाणपत्र वितरण गरिएको हो ।

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) केन्द्रीय समितिको आयोजनामा भएको कार्यक्रममा केन्द्रीय अध्यक्ष शेषराज भट्टराई, केन्द्रीय समितिका निवर्तमान अध्यक्ष प्रकाश पाण्डे, केन्द्रीय महासचिव दीपक राज भुसाल, केन्द्रिय सचिव भवनाथ हुमागाईं, केन्द्रिय सदस्य तथा शाखा संयोजन विभागका प्रमुख मञ्जित ढकाल, चितवन शाखाका निवर्तमान अध्यक्ष समुन्द्र अर्यालको उपस्थिति रहेको थियो ।

उच्च शिक्षा अध्ययन तथा रोजगारीका लागि संसारका विभिन्न देश जान चाहनेलाई परामर्शदाता संस्थाले आवश्यक सहजीकरण गर्दै आएको छ । विशेषगरी युवा तथा विद्यार्थी वर्ग विदेशिने क्रम तीव्र भइरहँदा शैक्षिक परामर्शदाता संस्था सञ्चालन गरी व्यावसायिक लाभ हासिल गर्ने अपेक्षासहित संस्था सञ्चालन गर्ने क्रम बढ्दो छ ।

# नेवाः गुठी खलः को साधारणसभा

समाज संवाददाता

हेटौंडाः नेवाः गुठी खलः को तेस्रो वार्षिक साधारणसभा शनिबार हेटौंडामा सम्पन्न भएको छ । नेवाः गुठी खलः का अध्यक्ष अनिल खड्गेको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठ, खानेपानी, सिचाई तथा उर्जा मन्त्री एका लाल श्रेष्ठको उपस्थिति रहेको थियो । कार्यक्रममा हेटौंडा-२ का वडा अध्यक्ष तथा नेवा देय दवु बागमती प्रदेश समितिका अध्यक्ष विष्णुगोपाल महर्जनको पनि आतिथ्य रहेको थियो ।

साधारणसभाको अवसरमा "नेवाः एक चिनारी" पनि विमोचन गरिएको थियो । साधारणसभाको अवसरमा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो । ९१ वर्षीया सोममाया बलामी, ९१ वर्षीया तीर्थमाया मानन्धर र ९१ वर्षीय रुद्रहरी जोशीलाई सम्मान गरिएको थियो । यस वर्षको नेवारी समुदायबाट विभिन्न नेतृत्व प्रदान गर्ने व्यक्ति ७ जनालाई कदरपत्र प्रदान गरिएको छ । नेवारी समुदायको भाषा, संस्कृतिको संरक्षण र विस्तार गर्ने उद्देश्यले गुठीको स्थापना गरिएको हो । कार्यक्रममा मकवानपुरका विभिन्न स्थानमा रहेका नेवा गुठी तथा खलका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

# कान्ति लोकपथ दैनिक ३ घण्टामात्र सञ्चालन हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको सडक कान्ति लोकपथ दैनिक ३ घण्टामात्र सञ्चालनमा आउने भएको छ । सडक मर्मतको लागि भन्दै ४५ दिनदेखि बन्द रहेको यो सडक काम पूरा नभएकाले दिनमा ३ घण्टामात्र सवारी साधन आवतजावतको लागि खोलिने भएको हो ।

सडक निर्माणको काम बिहान ६ बजेदेखि ९ बजेसम्म र मध्याह्न १२ बजेदेखि अपराह्न ६ बजेसम्म दुई सिफ्टमा गर्ने आयोजनाले जनाएको छ । उक्त सडकमा छ चक्केभन्दा माथिका मालबाहक सवारी सञ्चालनमा पूर्णरुपमा रोक लगाइएको छ ।

मर्मत-सम्भारका लागि काल्चेदेखि बगुवा खण्डसम्म चैत १ गतेदेखि बन्द गरिएको सडक अहिलेलाई बिहान ९ बजेदेखि १२ बजेसम्म ३ घण्टा सवारीसाधनका लागि खुला रहने भएको छ । सडक निर्माणका लागि जेठ १५ गतेसम्म बिहान ३ घण्टासम्म खुल्ने भएको हो । कान्ति लोकपथको डेढ किलोमिटर खण्डमा सडक चौडा गर्न लागिएको छ । सडकमाथिका चट्टान काट्न बाँकी रहकाले निर्माण कार्य जारी रहेको आयोजनाले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# औषधी व्यवसायीको प्रदेश अध्यक्षमा श्रेष्ठ




समाज संवाददाता

हेटौंडाः नेपाल औषधी व्यवसायी संघ बागमती प्रदेशको अध्यक्षमा ध्रुव नारायण श्रेष्ठ निर्वाचित हुनुभएको छ । शुक्रबार र शनिबार हेटौंडामा भएको दोस्रो अधिवेशनले श्रेष्ठ दोस्रो कार्यकालका लागि अध्यक्ष निर्वाचित हुनुभएको हो । १७ सदस्यीय प्रदेश समितिमा ९ जना सर्वसम्मत निर्वाचित भएका थिए ।

संघको वरिष्ठ उपाध्यक्षमा शिव प्रसाद पण्डित, थोक आयाततर्फ उपाध्यक्षमा बद्री प्रसाद श्रेष्ठ, खुद्रातर्फ उपाध्यक्षमा नवराज खनाल, महासचिवमा राजु श्रेष्ठ निर्वाचित हुनुभएको छ । यस्तै संघको कोषाध्यक्षमा राजेशभक्त श्रेष्ठ, सचिवमा विनोद लामिछाने, उपकोषाध्यक्षमा राजु अधिकारी निर्वाचित हुनुभएको हो । थोक आयात सदस्यमा कपिल सुवेदी, संघर्ष गुरुङ, खुद्रा सदस्यमा धर्बिन्द्र वन, सुधीर दाहाल निर्वाचित हुनुभएको छ भने खुल्लातर्फ सदस्यहरूमा पञ्च कुमार श्रेष्ठ, रवि दास श्रेष्ठ, जीवन महर्जन, अनिलमान श्रेष्ठ र महिलातर्फ पार्वती श्रेष्ठ सदस्य निर्वाचित हुनुभएको छ ।

नयाँ कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ । शुक्रबार बागमती प्रदेश सरकारका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठको प्रमुख आतिथ्यमा उद्घाटन समारोह भएको थियो ।

# ४,४६२ शिक्षकका लागि विज्ञापन खुला

काठमाडौंः प्राथमिक तह तृतीय श्रेणीका चार हजार ४६२ शिक्षकको लागि विज्ञापन खुलेको छ । शिक्षक सेवा आयोगले शनिबार विभिन्न समूहमा सातै प्रदेशका लागि विज्ञापन खुला गरेको हो ।

खुला, महिला, दलित महिला, मुस्लिम महिला, आदिवासी जनजाती, दलित, अपाङ्गता, पिछडिएको क्षेत्र र तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी जनजाती, दलित, पिछडावर्ग वा अल्पसंख्यक मुसलमान समुदायका लागि विज्ञापन खुलाइएको छ । सबैभन्दा धेरै बागमती प्रदेशमा ११०३, कोशीमा १०७७, गण्डकीमा ८००, मधेशमा ५०८, लुम्बिनीमा ४९५, सुदूरपश्चिममा ३०२ र कर्णालीमा १७७ जनाका लागि आवेदन खुलेको छ । योग्यता पुगेका इच्छुक व्यक्तिले आयोगको अनलाइन दरखास्त प्रणालीबाट जेठ १३ गतेसम्म आवेदन दिन सकिनेछ । दोब्बर दस्तुरमा भने २० गतेसम्म आवेदन दिन सकिने आयोगले जनाएको छ । *स्रोतः अनलाइनखबर ।*

## सुनकोसी मरिण डाइभर्सन

# २६ गते सुरुङ ब्रेक थ्रु

काठमाडौंः सुनकोसी मरिण डाइभर्सन परियोजनामा सुरुङ खन्न एकाध सेन्टिमिटर मात्र बाँकी छ । २६ वैशाखमा विशेष समारोहबीच प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुरुङ ब्रेक थ्रु गर्नेछन् । सुरुङ ब्रेक थ्रु गर्ने अन्तिम तयारी भइरहेको सुनकोसी मरिण डाइभर्सन आयोजनाका प्रमुख मित्र बरालले बताए । कुल १३ दशमलव तीन किलोमिटर लामो सुरुङमध्ये एकाध सेन्टिमिटर मात्रै खन्न बाँकी छ ।

सुरुङ निर्माणको कूल अवधि दुई वर्षको भए पनि त्यसभन्दा धेरै अगाडि झन्डै १९ महिनामा सम्पन्न भएको हो । भौगोलिक जटिलताका कारण केही समय मेसिन नरोकिएको भए अझै चाँडो सुरुङ छिचोलिने थियो । सुरुङ छिचोलिए पनि अन्य आवश्यक काम पूरा गर्न थप एक वर्ष लाग्ने आयोजना प्रमुख बरालले जानकारी दिए । सुरुङ निर्माणका क्रममा सामान्य भौगोलिक जटिलता उत्पन्न भएपछि त्यसलाई समाधान गरेर अगाडि बढेको जानकारी दिँदै आयोजना प्रमुख बरालले भने, 'ग्राउटिङलगायत विधि प्रयोग गरेर समस्याको समाधान गरिएको छ । सुरुङ निर्माण निरन्तररुपमा अगाडि बढिरहेको छ ।'

सुरुङ निर्माणमा अटोमेटिक टनेल बोरिङ मेसिन (टिबिएम) प्रयोग गरिएको छ । भेरी बबई डाइभर्सन आयोजनापछि सुनकोसी मरिणमा पनि टिबिएम मेसिन प्रयोग गरिएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आयोजना प्रमुखलगायत अधिकारीलाई आयोजना स्थल नछाड्न, स्थानीयस्तरमा नै समस्या समाधान गर्न तथा आयोजनाको काममा कुनै पनि अवरोध आउन नदिन निर्देशन दिए । सुरुङ निर्माणसँगै बाँध निर्माणको कामलाई समेत गति दिइएको छ । *स्रोतः अनलाइनखबर ।*

# बढ्दो वायु...

क्वालिटी इन्डेक्सले सोमबार १६५, मंगलबार २००, बुधबार २६८, बिहीबार १७७ एक्युआई देखाएको थियो ।

प्रदूषणका कारण मानव स्वास्थ्यमा गम्भीर असर पर्छ । सो असरको प्रभावले छाती, घाँटी, फोक्सो र नाकसम्बन्धी विभिन्न संक्रमण हुने जोखिम बढ्ने हुन्छ । प्रदूषणको कारणबाट ज्येष्ठ नागरिक, बालबच्चा, दीर्घरोगी र मुटुका रोगीजस्ता मानिस बढी प्रभावित हुन्छन् । स्वस्थ व्यक्तिलाई पनि सो कारण हाच्छ्युँ आउने, खोकी लाग्ने, नाकबाट सिँगान बग्ने, घाँटी दुख्ने, टाउको दुख्ने, आँखा पोल्ने, छातीमा संक्रमण हुने गर्छ । भौगोलिक बनावटका कारण काठमाडौँको वायुप्रदूषण त्यसै पनि उच्च छ । बाक्लो बस्ती, अव्यवस्थित सवारी साधन, फोहोर मैला, उद्योगधन्दा र विकास निर्माणका कामले प्रदूषण बढाउने गरेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार वायु प्रदूषण संसारकै सबैभन्दा ठूलो वातावरणीय स्वास्थ्य जोखिम हो । वायु प्रदूषणका कारण नेपालमा हुने मृत्युदर मध्ये ३७ प्रतिशत मस्तिष्कघातबाट हुने मृत्यु, ३४ प्रतिशत मुटुरोगबाट हुने मृत्यु, ३४ प्रतिशत फोक्सोको क्यान्सरबाट हुने मृत्यु र २२ प्रतिशत नवजात शिशु तथा बालबालिकाको मृत्यु हुने गर्छ । वायु प्रदूषणका कारण खासगरी फोक्सोको क्यान्सर, मुटुको रोग, फोक्सोको रोग, दम, निमोनियाँ, मस्तिष्कघात, कम तौल वा समय नपुग्दै बच्चा जन्मिने समस्या हुन्छ ।

यसको रोकथामका लागि वातावरणमैत्री सवारी साधन प्रयोग गर्ने, जथाभावी फोहोर नजलाउने, वायु प्रदूषण हुन नदिने, सम्भव भएसम्म घरमै बस्ने, श्वास फेर्न असजिलो, खोकी, छातीमा समस्या, आँखा पोल्नेलगायतका समस्या भए स्वास्थ्यकर्मीसँग सम्पर्क गर्ने तथा स्वास्थ्यकर्मीको सल्लाहअनुसार प्रशस्त पानी पिउने, बोटबिरुवा लगाई हावालाई सफा गर्ने, घरबाहिर निस्कँदा गुणस्तरीय मास्क लगाउने, बढी भीडभाड भएको ठाउँमा नजाने, कम प्रदूषित क्षेत्रमा व्यायाम गर्ने, उचित किसिमले फोहोर व्यवस्थापन गर्ने आदि ।

तुवाँलाको स्तर व्यापक रहेसम्म आम व्यक्तिलाई समेत कठिन व्यायामबाट जोगिन सल्लाह दिने, बढ्दो प्रदूषणको अवस्थामा मर्निङ, इभिनिङ वाक वा घर बाहिर गरिने व्यायामले स्वास्थ्यमा असर गर्ने हुन सक्छ । सोबाट जोगिने । वायु प्रदूषणले छालामा समेत असर पार्ने, समयभन्दा अगावै बुढ्यौली आउने, चाउरिनु, छालामा दाग लाग्नुलगायतका थुपै छालासम्बन्धी समस्या देखिनुका तत्काल एलर्जी, छाला रातो हुने, बिमिरा आउने, चिलाउने, घाउ हुने, जलन र संक्रमण हुन सक्ने हुन्छ । एक्जिमाको समस्या हुनेलाई वायु प्रदूषण-तुवाँलोले झन् असर गर्न सक्छ ।

चिकित्सकका अनुसार प्रदूषण बढेको समयमा वातावरणको सम्पर्कमा आउने शरीरको भागलाई सफा पानी वा फेसवासले राम्ररी धुने र मोइस्चराइज वा नरिवलको तेल लगाउनुपर्छ । त्यस्तै समय-समयमा छालालाई मधुरो स्क्रब गर्नाले बाहिरी सतहमा भएको मृत छाला, जम्मा भएको प्रदूषक, रसायनको तह आदि घटाउन सकिन्छ । स्वास्थ्यकर्मीका अनुसार तुवाँलोले आँखा रातो हुने, आँसु आउने, चिलाउने, चिप्रा आउने हुन सक्छ । एलर्जी भएर आँखा जोडले चिलाएमा आँखाको सतहमा चोटपटक भई संक्रमणको खतरा हुन सक्छ ।

यस्तो प्रदूषणबाट आँखालाई जोगाउन बेलाबेलामा सफा पानीले धुनुपर्छ । प्रदूषण नियन्त्रण र व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वयको आवश्यकता छ । यो अवस्थाबाट बच्न तत्कालीन र दीर्घकालीन रूपमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले समन्वय गर्दै प्रदूषणजस्तो विपद्लाई अविलम्ब न्यूनीकरण गरी मानव स्वास्थ्यको रक्षा गर्नु आजको आवश्यकता हो । *(स्रोतः कारोबारदैनिक)*

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# समकालीन नेपाली साहित्यमा लैङ्गिक चेतबारे बहस

समाज संवाददाता

हेटौंडा: हेटौंडामा समकालीन नेपाली साहित्यमा लैङ्गिक चेत विषयक बहस कार्यक्रम भएको छ । आँचल साहित्य कलापुञ्ज मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा भएको वृहत् साहित्यिक सांस्कृतिक कार्यक्रममा नेपाली साहित्यमा लैङ्गिक चेत विषयक बहस कार्यक्रम भएको हो ।

सुवास खनालको सहजीकरण तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेश निखिलको अभिभावकत्वमा भएको बहस कार्यक्रममा नेत्र एटम, घनश्याम घिमिरे र प्रभा बराल बहसकर्ताको रुपमा सहभागी हुनुभएको थियो । बहसकर्ता एटमले महिला र पुरुष कति प्रतिशतले विभेदमा परिहरेको छ भन्ने कुरा बुझ्नुपर्ने बताउनुभएको छ । लैङ्गिक विभेदको कुराहरुलाई स्वीकार गरेर किन यस्तो घटनाहरु बढिरहेको छ ? भन्ने कुरा बुझ्नुपर्ने उहाँले बताउनुभयो ।

हामीले सबै महिलाहरुसँग कुरा गर्ने क्रममा बोलेको भाषा महिलामैत्री छ कि छैन भन्ने कुरा बुझ्नुपर्ने एटमले बताउनुभयो । कतिपय मानिसहरुले महिलाहरुको शारीरिक रङ, बनावट र उनीहरुको व्यवहारको आधारमा विभेद गर्ने गरेको उहाँको भनाइ छ । पारिवारिकरुपमा हुने विभेदलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने कुरा सबै व्यक्तिहरु लाग्नुपर्ने उहाँले बताउनुभयो । पहिलेको समयमा पुरुषको निर्णयबमोजिम महिलाहरुले गर्भपतन गर्नुपर्ने बताउनुभयो । साहित्यको माध्यमबाट महिलाले भोगका कुराहरुलाई यथार्थवादीरुपमा चित्रण गर्नुपर्ने उहाँले दावी गर्नुभएको छ ।

बहसकर्ता बरालले पहिलाको समयमा महिलालाई कोटा नदिने अवस्था रहेको बताउनुभएको छ । सामुदायले महिला र पुरुषको विरुद्ध भन्दा समाजलाई साहित्यको माध्यमबाट प्रभाव पार्न सक्नुपर्ने बताउनुभयो । विभिन्न राष्ट्रिय अनलाइन पत्रिकामा प्रकाशन भएका कुरालाई बुझेर लैङ्गिक चेतको विषयमा बुझाउने गरेको उहाँले बताउनुभयो । नारीवाद भनेको पुरुषलाई पछाडि पार्नुभन्दा पनि सबैसँग सहकार्य गरेर अगाडि बढ्नु हो भन्ने कुरा उहाँले स्पष्ट पार्नुभएको छ ।

घिमिरेले लैङ्गिकता भन्नेवित्तिकै पुरुष, नारी र तेस्रो लिङ्गीका कुराहरु बुझ्नुपर्ने बताउनुभयो । कतिपय समाजहरुमा पुरुषभित्र पोथीपन र महिलाभित्र भालेपन देखिने गरेको उहाँले बताउनुभयो । पछिल्लो समयमा तेस्रो लिङ्गीको कुराहरु उठेको उहाँले बताउनुभयो । नारीमा भएको भालेपनले गर्दा कतिपय पुरुषहरुले पनि पीडा भोग्नुपर्ने अवस्था सिर्जना भएको उहाँले बताउनुभयो । पछिल्लो समयमा लैङ्गिक दृष्टिकोणलाई फरक तरिकाले हेर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

नारीवादी साहित्यमा पनि विभिन्न प्रकारको समस्या देखिएकाले नेपाली साहित्यिक क्षेत्रको माध्यमले लैङ्गिक चेतनालाई पनि उठान गर्न आवश्यक रहेको उहाँको भनाइ छ । विभिन्न प्रकारको चलचित्रमा पुरुषहरुलाई बलियो पात्रको रुपमा परिचित गराएर महिलालाई अत्याधिक रुपमा कमजोर पात्रको रुपमा परिचित गराउने गरेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । वि.सं २०५० सालपछि अतिरिक्त भन्ने उपन्यासले तेस्रो लिङ्गीलाई उठान गर्ने गरेको उहाँको भनाइ छ । नारीवादी अभियान सशक्त ढंगले आइरहेको उहाँको भनाइ थियो ।

सर्जक सञ्जाल मकवानपुरका संयोजक निखिलले विभेदरहित समाज बनाउनका लागि सबै लाग्नुपर्ने बताउनुभएको छ । पुरुष र महिलाले सहकार्य गरेर नारीवादी समाज बनाउने काममा सबै लाग्नुपर्ने उहाँले बताउनुभयो । कार्यक्रममा २७ जना साहित्यकाहरुले कविता, गजल र मुक्तक वाचन गर्नुभएको थियो ।

# गौतम मृत फेला

समाज संवाददाता

हेटौंडा: काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-११, कल्छेबेसीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ५८ वर्षीय बलराम गौतम रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बिहीबार बिहान ११ बजेको समयमा गौतम घरमा कसैलाई जानकारी नगराई हिँडेकोमा आफन्तहरुले खोजतालास गर्दै जाँदा शुक्रबार खेतमा मृत अवस्थामा फेला परेका थिए । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# बसको ठक्करबाट नगर प्रहरी घाइते

समाज संवाददाता

हेटौंडा: पूर्वी मकवानपुरको धरान-चतरा सडकअन्तर्गत् बकैया गाउँपालिका-५, तीनतलेमा बसले ठक्कर दिँदा मोटरसाइकल चालक घाइते भएका छन् । घाइते हुनेमा बकैयाका नगर प्रहरीसमेत रहेका भडौराका ३५ वर्षीय भीमसेन बजगाई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । शुक्रबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा हेटौंडाबाट फापरबारी जाँदै गरेको बा २ ख ६९४३ नम्बरको बसले फापरबारीबाट हेटौंडा आउँदै गरेको प्रदेश २-०३-०२१ प ६६१४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा बजगाई घाइते भएका थिए । बजगाईंको टाउको र अनुहारमा चोट लागि उपचारका लागि चुरेहिल अस्पताल हेटौंडा लगिएको प्रहरीले जानकारी दिएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

## हेटौंडाका दुई स्थान रक्तदान

# ४५ जनाले गरे रक्तदान



समाज संवाददाता

हेटौंडा: शनिबार विहान हेटौंडाको दुई स्थानमा रक्तदान कार्यक्रम भएको छ । हेटौंडा-४ स्थित पशुपति मन्दिर र हेटौंडा-१० स्थित बुद्धचोकमा भएको कार्यक्रममा ४५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

हेटौंडा-४ स्थित पशुपति मन्दिरमा भएको रक्तदान कार्यक्रमा २० जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रम नेपाल रेडक्रस सोसाईटी हेटौंडा उपशाखाको आयोजनामा भएको हो । कार्यक्रममा ४ नम्बरको वडा अध्यक्ष नविन सिग्देलको प्रमुख आतिथ्य रहेको थियो ।

यस्तै हेटौंडा-१०, बुद्धचोकमा जिफन्ट मकवानपुरको आयोजनामा रक्तदान कार्यक्रम भएको हो । कार्यक्रमा २५ जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रममा बागमती प्रदेश सरकारको खानेपानी, सिचाई तथा उर्जा मन्त्री एका लाल श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो ।

**भुवनेश्वर सेवा समितिको**

**११औं साधारणसभा सम्बन्धी जरुरी सूचना**

यस भुवनेश्वर सेवा समितिको ११औं साधारणसभा तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण आजीवन सदस्य ज्यूहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**तपसील**
मिति: २०८१ साल बैशाख १७ गते सोमबार
समय: बिहान १० बजे
स्थान: भवनेश्वर मन्दिरको सभाहल, हेटौंडा-४

**जगन्नाथ पाण्डे**
**अध्यक्ष**

# आध्यात्मिक सशक्तिकरण अभियान सुरु

समाज संवाददाता

हेटौंडा: ब्रह्मकुमारी राजयोग सेवा केन्द्र मकवानपुरले स्वच्छ र स्वस्थ समाजका लागि आध्यात्मिक सशक्तिकरण अभियान सुरु गरेको छ । विश्वका १४० मुलुकमा शनिबार सुरु भएको अभियानअन्तरगत् हेटौंडामा भएको क्षेत्रीय शुभारम्भ समारोहमा बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले आध्यात्मिक सशक्तिकरणबाट शान्ति सम्भव रहेको बताउनुभएको छ ।

समाजमा हिजो एक-अर्कालाई सहयोग सद्भाव आदनप्रदान हुने गरेको तर आज एक अर्कोलाई सिध्याउने प्रचलन बढेको उहाँले बताउनुभयो । 'चाहे जुनसकै धर्म र आस्थाको कारण लडाई भएको होस्, त्यसले नाशमात्रै गरेको छ', प्रदेशसभा सदस्य पुलामीले भन्नुभयो- 'पृथ्वी बचाउन सबैमा एकले अर्कोलाई सम्मान गर्ने आदतको अनिवार्यता छ ।'

कार्यक्रममा हेटौंडा ११ का वडा अध्यक्ष जुना दाहालले भौतिक विकासमा मात्रै ध्यान नदिई आध्यात्मिक सशक्तिकरणमा पनि लगानी आवश्यक भएको बताउनुभयो । बालबालिकालाई सही संस्कार सिकाउन जरुरी रहेको उहाँले बताउनुभयो ।

पछिल्लो समय मानवमा घमण्ड बढ्दो र करुणा प्रेम घट्दो अवस्थामा रहेको मनकामना दुग्ध उत्पादन सहकारी संस्था अर्जुन दाहालले बताउनुभयो । 'सुख र शान्ति भनेको समृद्ध, प्रेम र सहकार्यमा छ, सुख पैसामा धनमा हैन, अन्तरमनमा छ', दाहालले भन्नुभयो- 'आफूलाई बिर्सेर अरुलाई समर्पण गर्दा सुख छ, आनन्द पाइन्छ ।' प्रेम बाँड्न सकियो भने स्वस्थ रहन सकिने दाहालले बताउनुभयो । उहाँले भन्नुभयो- 'जस्तो आहार, उस्तै व्यवहार र विचार हुन्छ । खानपानमा पनि व्यवहार परिवर्तन गरौं ।'

योग, ध्यान, प्रणायमले पनि शारीरिक र मानसिक स्वास्थ्य सम्भव भएको आयुर्वेद तथा बैकल्पिक चिकित्सालयका कविराज निरीक्षक विनोद शाहले बताउनुभयो । मानव कल्याणका लागि अभियान सुरु भएकोमा आयुर्वेद तथा बैकल्पिक चिकित्सालय कविराज निरीक्षक शाहले खुसी व्यक्त गर्नुभयो ।

आध्यात्मिक शक्ति सबै प्रकारको शक्तिको स्रोत भएको ब्रह्मकुमारी राजयोग सेवा केन्द्र क्षेत्रीय संयोजक सुशीला दिदीले बताउनुभयो । सबै मानव आत्माहरु आफू सुध्रिएर परिवारलाई सुधार गर्नतर्फ लाग्नुपर्ने उहाँले बताउनुभयो । सकारात्मक चिन्तन नै विशेष सम्पत्ति भएको उहाँले बताउनुभयो ।

समाजबाट प्रकृतिलाई योगदान गर्नका लागि आध्यात्मिक सशक्तिकरण अभियान शनिबारबाट विश्वभर सुरु भएको उहाँले बताउनुभयो । सकारात्मक संकल्प राख्न अनुरोध गर्दै सुशीला दिदीले भन्नुभयो- 'जे सोच राखेर काम गऱ्यो,नतिजा उही नै हुन्छ । यो समय भनेको संकल्प सुधारको समय हो ।' सबैको राम्रो र भलो होस् भनेर सोच्नेको सधैं भलो तथा सकारात्मक नै हुने उहाँले बताउनुभयो । विश्वको आत्माले नै सकारात्मक संकल्प गर्नुपर्ने र बुझेकाले नै अरुलाई बुझाउन यो अभियान थालिएको उहाँको भनाइ छ ।

कार्यक्रममा केन्द्रका प्रशिक्षक ब्रह्मकुमार विजयराजले स्वच्छ र स्वस्थ समाजका लागि आध्यात्मिक सशक्तिकरण अभियानको आवश्यकताबारे जानकारी गराउनुभएको थियो । आध्यात्मिक सशक्तिकरण ज्ञानको चार्जिङको रुपमा उहाँले प्रस्तुत गर्नुभयो ।

आध्यात्मिक सशक्तिकरणले आत्मालाई सशक्त बनाउने, १४० राष्ट्रमा अभियान सुरु गरिएको केन्द्रका देवनारायण लामिछानेले बताउनुभयो । यसैगरी सेवा केन्द्रको प्रशिक्षक ब्रह्मकुमार मणिले बाहिरी स्वच्छतामात्रै भएर नहुने र यसका लागि आन्तरिकरुपले मानसिक स्वास्थ्य आवश्यक भएको बताउनुभयो ।

# इलाम २ को मतगणना आज बिहानबाट

इलाम: उपनिर्वाचनअन्तर्गत इलाम २ को मतगणना आइतबार बिहानबाट मात्रै सुरु गरिने जिल्ला प्रशासन कार्यालय इलामले जनाएको छ । प्रजिअ इन्द्रदेव यादवले मतपेटिका आइपुग्न बिहान २ बजेसम्म लाग्ने भएकाले आइतबार बिहान सर्वदलीय बैठकपछि मात्रै गणना सुरु गरिने जनाए । "राजनीतिक दलसँग बिहान ७ बजे सर्वदलीय र पक्षीय बैठक राखेर मात्र मतगणना सुरु हुने छ," प्रजिअ यादवले भने ।



शनिबार प्रतिनिधिसभा सदस्यका लागि भएको उपनिर्वाचनमा इलाम २ मा ६० प्रतिशत मतदान भएको छ । यो क्षेत्रमा १ लाख १५ हजार ८८९ मतदाता थिए । मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार ६९ हजार २८७ मत खसेको छ । अहिले गाउँ-गाउँबाट मतपेटिकाहरु संकलन भइरहेको छ ।

सबै केन्द्रमा शान्तिपूर्ण मतदान सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी यादवले बताए । इलाम-२ मा १२ राजनीतिक दलका र ७ स्वतन्त्र गरी १९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सो क्षेत्रमा एमालेका सुहाङ नेम्बाङ, कांग्रेसका डम्बर खड्का, रास्वपाका मिलन लिम्बू र पहिचानवादी साझा स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह थेगिमबीच मुख्य प्रतिस्पर्धा हुने आँकलन छ ।

*स्रोत: इकान्तिपुर ।*

**हार्दिक श्रद्धाञ्जली**



**स्व. मिथिलेश कुमार मिश्र**

सेवानिवृत्त शिक्षक आदरणीय **मिथिलेस कुमार मिश्र**को निधनको खबरले मर्माहत बनाएको छ । स्वर्गीय मिश्रप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । दुखको यस घडीमा परिवारजनमा धैर्यधारण गर्ने क्षमता मिलोस् भन्ने कामना समेत गर्दछु ।

**पुरनबहादुर जोशी**
**हेटौंडा-४, मकवानपुर**